आज मिति २०८०/०९/०२ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सूर्य प्रसाद सेडाईको अध्यक्षतामा जिल्लास्थित सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका प्रमुखहरुसंग देहायको सामुपस्थितिमा कार्यालय प्रमुख बैठक बसियो ।

उपस्थिति :-

१. प्रमुख जिल्ला अधिकारी श्री सूर्य प्रसाद सेडाई

२. सहायक प्रमुख जिल्ला अधिकारी श्री महेन्द्रप्रसाद चापागाई

३. प्रमुख सेनानी श्री निरञ्जन थापा, गोरख बं० गण

४. प्रहरी उपरीक्षक श्री सिताराम रिजाल, जिल्ला प्रहरी कार्यालय

५. सशस्त्र प्रहरी उपरीक्षक श्री अनिल कार्की, ले.प्र.बं. गण

६. उप-महान्यायाधिवक्ता निर्देशक श्री प्रज्वल पहरा, रा.अ.का. जि.अ.का.

नेपाल टेलिकम (कार्यालय प्रमुख) सुशिल साह - नि. प्रबन्धक

डिभिजन वन का., राप्ती, लोकराज नेपाल

भू-तथा जलाधार व्यवस्थापन का० प्रदिप कुमार मिश्र का.प्र.

कार्यालय प्रमुख, हरि कृष्ण कार्की, कर्मचारी संचय कोष हेटौंडा

का.प्र. शिवतकिरण, खा.उ.तथा गु.नि. कार्यालय

का. प्र० कृ.वि० प्र० हेटौंडा वि० डि० - ५

(प्रमुख - शिवराज थापा)

शिक्षालय प्रमुख टीकाराम तिमिल्सिना नेपाल भारत मै.प्रा.वि.

प्र.नि.अ. खिम बहादुर राना नापी कार्यालय मकवानपुर

अ.इंजि. गन्तव्योम तथा सिंचाई डिभिजन कार्यालय प्रतिनिधि

का.प्र. ऋषिप्रसाद घिमिरे रा.वि.प्रा. कोर्ड

का.प्र. हेटौंडा खानेपानी व्य. बोर्ड विष्णु प्र. लाम्छोरा

डि.प्र. खानेपानी तथा सरसफाई डिभिजन नं.१ हरिराम पौडेल

| | | |
|---|---|---|
| प्रमुख मालपोत अधिकृत | मालपोत कार्यालय हेटौंडा | ओम प्र. अधिकारी |
| डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, मकवानपुर | पुष्पराज पौडेल |
| प्रमुख का. अधिकृत | आ.रा.कृ. हेटौंडा | तुलसी प्रसाद भट्टराई |
| केन्द्र प्रमुख | कुलेखानी तेस्रो जे.बि.के. | प्रसन्न मुनि ताम्राकार |
| नि. इ. प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई | उन्नती ढकाल |
| का.प्र. | स्वा.का. मकवानपुर हे. | कृष्ण के. [illegible] |
| का.प्र. | शहरी विकास तथा भवन कार्यालय | इ. घनश्याम [illegible] |
| का.प्र. | हेटौंडा दुग्ध वितरण आयोजना | इ. नवीन किशोर शर्मा |
| प्र.प्र.अ. | मकवानपुरगढी गा.पा. | राजेन्द्र कार्की |
| का.प्र. | वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर | रघुराम परजुली |
| के.त्रि | कै. त्रि. त्रि. का | वसन्त गुरागाईं |

निर्णयहरू:-

१. यस अघि मिति २०८०-०६-०५ र २०८०-०८-०५ मा बसेको कार्यालय प्रमुख बैठकबाट भएका निर्णयहरू कार्यान्वयन गर्न बाँकी रहेका कार्यालयहरूले सो कार्यान्वयन गरी, गराई सो को जानकारी आगामी कार्यालय प्रमुख बैठकमा गराउने ।

२. श्री गृह मन्त्रालय, योजना अनुगमन तथा मूल्याङ्कन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. १३७, मिति २०८०-०७-२३ को सुझाव कार्यान्वयन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा पत्रसाथ संलग्न श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंबाट प्राप्त २२ बुँदे सुझाव सम्बन्धित कार्यालयहरूले प्रभावकारीताकासाथ कार्यान्वयन गर्ने, गराउने ।

३. श्री गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ८९२, मिति २०८०-०९-०४ को सुझाव कार्यान्वयन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा पत्रसाथ प्राप्त श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा, सिंहदरबार, काठमाडौंको सुझाव कार्यान्वयन गर्ने, गराउने ।

४. जिल्लास्थित सबै कार्यालयहरूले गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्ने, कार्यालय परिसरमा उजुरी पेटिका राख्ने र नियमित रूपमा प्राथमिकताकासाथ प्राप्त उजुरी तथा गुनासोहरू सम्बोधन गर्ने, गराउने ।

५. एक निकायले विकास निर्माणका क्रियाकलापहरू सञ्चालन गर्दा, गराउँदा अन्य निकायहरूबाट निर्माण/स्थापना भएका संरचनाहरूमा समेत असर पर्ने देखिएको हुँदा विकास निर्माणका गतिविधिहरू सञ्चालन गर्दा सम्बन्धित सबै निकायहरूसँग अनिवार्य रूपमा समन्वय गरेर मात्र गर्ने।

६. विभिन्न व्यक्ति/समूहबाट सार्वजनिक सम्पत्तिको अतिक्रमण/दुरूपयोग बढ्दै गइरहेको सन्दर्भमा सबै कार्यालयहरूले सार्वजनिक सम्पत्तिको सुरक्षा/संरक्षण गर्ने तर्फ आवश्यक पहल गर्ने ।

७. सेवा प्रवाहलाई प्रभावकारी तुल्याई सुशासन अभिवृद्धि गर्ने सन्दर्भमा सूचना प्रविधिको प्रयोग, कार्यालयको Layout, नागरिक बडापत्र, जानकारी मूलक सूचनापाटीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएको हुँदा कार्यालयबाट प्रवाह हुने सेवाहरूमा सूचना प्रविधिलाई उच्चतम प्रयोग गर्ने, कार्यालयको Layout लाई सेवाग्राही मैत्री तुल्याउने, नागरिक बडापत्रलाई नियमित रूपमा अध्यावधिक गर्ने र सबै सेवाग्राहीले देख्ने स्थानमा राख्ने एवं कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी जानकारीमूलक सूचनाहरू नियमित रूपमा कार्यालयको सूचनापाटीमा राख्ने व्यवस्था सबै कार्यालयहरूले मिलाउने ।

सूर्य प्रसाद सेडाई
प्रमुख जिल्ला अधिकारी